# मनरा शिसवा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मनरा, महोत्तरी, मधेश प्रदेश, नेपाल

## नगर प्रहरी कर्मचारीको काम ,कर्तव्य तथा अधिकार

मिति :- २०८०/११/१३

१. पालिका क्षेत्र भित्र सार्वजनिक आवागमनमा बाधा पुर्‍याई राखेका निर्माण सामाग्री , पसल , व्यवसायबाट भएको अवरोध हटाउन लगाउने नमानेमा आफै हटाई हटाउन लाग्ने खर्च सम्वन्धित व्यक्तिबाट असूल उपर गर्न पेश गर्ने ।

२. पालिकाको कार्यलय तथा मातहातको सबारी साधन,सामग्री आदिको सुरक्षाको जिम्मेबारी लिने ।

३. पालिका क्षेत्रभित्र दैनिक उत्पादन हुने फोहरमैला निर्धारित समय र स्थानमा राख्न लगाई कानुन बमोजिम कारवाही गर्न पेश गर्ने ।

४. सार्वजनिक जग्गा बाटो मठ, मन्दिर, ढल, नाला, चोक, पोखरी मिचि कसैले घर कम्पाउण्ड टहरा वा त्यस्तै अन्य निर्माण कार्य गरेको अथवा व्यक्तिगत रुपले उपभोग गरेको छ, छैन निरीक्षण गर्ने । निर्माण गरेको देखिएमा निर्माण कार्य रोक्का गरी सम्बन्धित शाखा मार्फत निर्णय गर्ने अधिकारी समक्ष प्रतिवेदन पेश गर्ने । भत्काउने आदेश भएमा भत्काउने ।

५. पलिका क्षेत्रमा अनियमित निर्माण कार्य गरेको देखिएमा नक्शापास भए नक्शापासको प्रमाण पत्र सहितको प्रतिवेदन सम्बन्धित शाखा मार्फत प्रमुख समक्ष पेश गर्ने । मापदण्ड विपरित निर्माण भएको देखिए भत्काउने आदेश दिएमा भत्काउने ।

६. छाडा पशु पक्राउ गरी पालिकामा जिम्मा लगाउने । निर्णयानुसार छाडा पशु व्यवस्थापन गर्ने, गराउने ।

७. स्वास्थ्यका लागि हानिकार चिज तथा सडेगलेको खाद्य पदार्थ विक्रि वितरणमा रोक लगाउने । तोकिएको मापदण्ड विपरित सडेगलेका हानिकार चिज वस्तु विक्रि गरेको पाईएमा पहिलो पटक भए जफत गरी गाड्न लगाउने । पटक पटक यस्तो कार्य दोहोरिएमा जरिवाना गर्न वा पसल बन्द गराउन राय साथ पेश गर्ने । पटक भए जफत गरी वा पसल बन्द गराउन राय साथ पेश गर्ने ।

८. रोगी वा कानूनले निषेध गरेका पशुपंक्षी, जीवजन्तुहरु काटमार गर्न नदिने र त्यस्ता पशुपंक्षी जीवजन्तुका मासु बिक्रि वितरणमा रोक लगाउने । अटेर गरेमा जफत गरी नष्ट गर्ने साथै जरिवाना समेत गर्न राय साथ पेश गर्ने ।

९. छाडा कुकुर नियन्त्रण सम्वन्धी कारवाही गर्ने । मरेका जीवजन्तु समयमै गाड्न लगाउने ।

१०. खतरा उत्पन्न हुने रुख काट्न लगाउने । जोखिमपूर्ण घर पर्खाल भए सोको लिखित प्रतिवेदन पेश गर्ने र भत्काउन आदेश भए भत्काउने वडा समिति, टोल सुधार समिति, तथा सामुदायिक प्रहरीसँगको सहकार्यमा सरसफाई, सुरक्षा र सामाजिक विकृति हटाउने कार्य गर्ने गराउने ।

११. पालिकाबाट लागू हुने नीति, निर्णय, नियम र कानून कार्यान्वयन गर्ने ।

१२. नगरको सुव्यवस्था कायम गर्ने, पालिकाको चल, अचल सम्पत्ति, भवन, जग्गा, पार्क, मेशिन, उपकरण आदिको सुरक्षा गर्ने ।

१३. ईजाजत विना पेशा, व्यवसाय गरेको फेला परेमा पेशा व्यवसायको पालिकामा दर्ता/नवीकरण गर्न लगाउने ।

१४. पालिका क्षेत्रमा भित्ते लेखन, पोल व्यानर, क्रस व्यानर र विज्ञापन नीतिले निषेध गरेको विज्ञापन प्रचारप्रसार सामाग्री तथा पोष्टर टाँस्ने कार्यमा पूर्णतया प्रतिवन्ध लगाउने अटेर गर्नेलाई जरिवाना कारवाही गर्ने ।

माधवेन्द्र चौधरी
प्रमुख प्रसासकीय अधिकृत

मोहन पाण्डेय
नगर प्रमुख

१५. विना ईजाजत व्यानर, होडिङ्ग वोर्ड, ग्लोबोर्ड, निओनसाईन लगायतका अन्य विज्ञापन सामाग्री राखेको पाईएमा पक्राउ गरी ईजाजत लिन लगाउने नमानेमा जरिवाना गर्ने ।

१६. पालिकाले सञ्चालन गर्ने वा भाग लिने सभा, सम्मेलन, तालिम, अभ्यास आदि जस्ता कार्यक्रममा पालिकाको तर्फबाट तोकिए बमोजिम प्रतिनिधित्व गर्ने ।

१७. नापतौलका सामाग्रीको चेक जाँच गर्ने, पसल व्यवसायमा मूल्य सूचि राख्न लगाउने तथा चेक गर्ने ।

१८. होटल, रेष्टुरेन्ट, गेष्ट हाउस, मसाज पार्लर जस्ता गतिविधिहरुको निरीक्षण गर्ने मापदण्ड अनुरुप नचलेको पाईएमा कारवाहीको लागि पेश गर्ने ।

१९. पालिका क्षेत्रभित्र सार्वजनिक स्थलमा जादु, सर्कस जुवा ,लागु पदार्थ सामग्री लगायतका विकृतीजन्य क्रियाकलापमा रोक लगाउने ।

२०. पालिकाको निर्णय अनुसार अस्थायी प्रकृतिका बजार व्यवस्था गर्ने, त्यस्तो व्यापारीहरुको लगत राख्ने ।त्यस्तो व्यापारीहरुका लगत राख्न ।

२१. अरुलाई वाधा पुग्ने गरी लाउड स्पिकर रेडियो अथवा ध्वनी उत्पादन गर्ने अन्य उपकरण प्रयोग गर्न नदिने ।

२२. शहरमा ध्वनी, धुवा, प्रकाश अथवा अन्य कुनै कारणले सार्वजनिक रुपमा वाधा पुग्ने गरी उद्योग धन्दा सञ्चालनमा रोक लगाउने ।

२३. विपत, महामारी भएमा उद्धार तथा राहतका लागि तुरुन्त खटी जाने ।

२४. पालिका मातहतका विभाग, महाशाखा, आयोजना, कार्यक्रम वा कुनै परियोजना अन्तर्गत तोकिए बमोजिमका कार्यहरु गर्ने गराउने ।

२५. पालिका अर्न्तगतका शाखाहरुबाट कार्यान्वयनका लागि प्राप्त भएका आदेश तथा निर्देशन कार्यान्यिन गरी सोको विवरण तोकिएको समय भित्र उपलब्ध गराउने ।

२६. पालिकाको न्यायिक समितिबाट भएको निर्णयहरु कार्यान्बयन गर्ने ।

२७. नगरप्रमुख ,उपप्रमुख र प्रमुख प्रशाकीय अधिकृत लगायत अन्य कर्मचारीहरुको सुरक्षामा समेत जवाफदेही साथ ध्यान दिनु पर्ने छ ।

२८. माथि तोकिए बमोजिमका कार्यहरु समन्वय गरी जिम्मेवारी लिई जवाफदेहिता समेत बहन गर्ने ।

२९. पालिकाले तोकिएका अन्य कार्यहरु गर्ने गराउने ।

माधवेन्द्र चौधरी
प्रमुख प्रसासकीय अधिकृत

मोहन पाण्डेय
नगर प्रमुख